सरकारले एमसीसी प्रस्ताव पारित गर्न लागेको भन्दै आक्रोशित बनेका विभिन्न राजनीतिक दलको प्रदर्शनले बुधबार राजधानीको बानेश्वर क्षेत्र तनावग्रस्त बन्यो। नेकपा माओवादी केन्द्रका भ्रातृ संगठन, राप्रपाको भ्रातृ संगठन, नेकपा एकीकृत समाजवादी पार्टीको विद्यार्थी संगठन अनेरास्ववियूका साथै ५ वटा साना कम्युनिस्ट पार्टी समेतको छुट्टाछुट्टै प्रदर्शनका कारण बानेश्वर क्षेत्र तनावग्रस्त बन्यो। *तस्बिर : एजेन्सी*

मिरगंज पुल एक महिनाभित्र सञ्चालन हुने

◆ हाम्रोमत संवाददाता

विराटनगर, ४ फागुन

जीर्ण पुलका ढुवानीमा समस्या सिर्जना गर्दै आएको भारतको बथनाहा जोगवनी सडक खण्डमा पर्ने परमाना नदीमा बनेको स्थायी पुल छिट्टै सञ्चालनमा आउने भएको छ।

नेपाली उद्योगी व्यापारीहरुले लामो समयदेखि पुल सञ्चालनको माग गर्दै आएकोमा भारत विहारका परिवहन तथा राजमार्गमन्त्री नितिन गड्करीले एक महिनाभित्र पुल सञ्चालन गर्ने प्रतिवद्धता जनाएपछि नेपाली व्यापारीहरुले राहतको अनुभूति गरेका छन्।

नेपालस्थित भारतीय राजदूतावासमार्फत भारतका केन्द्रीय मन्त्री गड्करीले उक्त जानकारी गराएका थिए। भारतस्थित नेपाली राजदूतावासले समेत संघको मागलाई भारतीय पक्षसामु पेश गरेको थियो। भारतीय मन्त्रीको रेस्पोन्सपछि मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजालले खुसी व्यक्त गरेका छन्।

नेपाली उद्योगी र व्यवसायीहरुले मोरङ-सुनसरी आर्थिक कोरिडोरको दुःख भनि सम्बोधन गर्दै आएको जीर्ण अवस्थाको मीरगञ्ज पुलको विकल्पका लागि नेपाल र भारतका कैयौं निकायहरुको ध्यानाकर्षण गराउँदै आएको थियो। विगतका हरेक बाढीमा मीरगञ्ज पुलमा क्षति पुग्ने र यातायात प्रभावित हुने गरेको थियो।

त्यसको सबैभन्दा धेरै मार नेपाली उद्योगीहरुले खेप्नु परेको भन्दै पटक-पटक उद्योगी व्यवसायीहरुले समस्या समाधानका लागि नेपाल सरकार भारतीय सरकारका विभिन्न निकायमा सहयोग माग्दै आएका थिए। पछिल्लो समय पनि मिरगंज पुलमा क्षति पुगेको र भिमनगर भण्टाबारी हुँदै बैकल्पिक मार्गको प्रयोग गर्नुपरेको थियो। पछिल्लो एक महिनादेखि भने विराटनगरका उद्योगी व्यवसायीहरुले मिरगंज पुलको विषयलाई निरन्तर उठाउँदै दवाव सिर्जना गरिरहेका छ।

मोरङ व्यापार संघलगायत निजी क्षेत्रसँग सम्बन्धित संगठनहरुले दीगो रुपमा समस्या समाधान गर्न परवाना नदीमा चार लेनको नयाँ पुल निर्माण गर्नुपर्ने आवश्यकता रहेको भन्दै त्यसका लागि पहल गरिदिन आग्रह गर्दै आएको छ।

प्रतिष्ठाका पदाधिकारीको पक्षमा सर्वोच्चको आदेश

◆ हाम्रोमत संवाददाता

धरान, ४ फागुन

सर्वोच्च अदालतले सुनसरीको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीका पक्षमा अल्पकालिन अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश इश्वर खतिवडाको एकल इजलासले प्रतिष्ठानका पदाधिकारीको पक्षमा अल्पकालिन अन्तरिम आदेश जारी गरेको हो।

अदालतले दुबै पक्ष राखेर छलफल गर्न विपक्षीलाई पनि बोलाउन आदेश गरेको छ। अदालतले स्वास्थ्य मन्त्रालयबाट प्रतिष्ठानमा पठाएका डा.श्यामसुन्दर यादवको सट्टामा प्रतिष्ठानका पदाधिकारीलाई नै काम गर्न दिनु भन्ने आदेश दिएको हो।

अदालतको आदेशसँगै सरकारले दैनिक आर्थिक, प्रशासनिक, शैक्षिक र पदअनुसारको काम, कर्तव्य अधिकार प्रयोग गर्न वीपी प्रतिष्ठानका पदाधिकारीहरुले पाउने भएका छन्।

सरकारले प्रतिष्ठानका उपकुलपति, डा.ज्ञानेन्द्र गिरी, शिक्षाध्यक्ष प्राडा गुरु खनाल, अस्पताल निर्देशक प्राडा गौरीशंकर साहलाई गत पुस ३० गते काम गर्न रोक लगाउँदै डा.यादवलाई उपकुलपतिको हैसियत दिएर पठाएको थियो।

सरकार र स्वास्थ्य मन्त्रालयको निर्णयविरुद्ध उपकुपति गिरी र अस्पताल निर्देशक साहले पुस २८ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। स्वास्थ्यमन्त्री विरोध खतिवडाले प्रतिष्ठानकै नियमावली २०५५ को नियम ६.४ बमोजिम दैनिक आर्थिक, प्रशासनिक, शैक्षिक र अन्य तोकिएको काम कर्तव्य र अधिकार दिएर पठाएको थियो।

सरकारले अघिल्लो पटक डा.यादवलाई पठाउँदा सहयोगीका रुपमा सुनसरीको इनरुवास्थित कोष तथा लेखा नियन्त्रक प्रमुख चिरिन्जिवि अधिकारीलाई पठाएको थियो। पछिल्लो पटक महालेखा परिक्षकको कार्यालयका एक अधिकृतलाई पठाउने निर्णय गरेको थियो।

करिव ८ महिनादेखि पदाधिकारीको राजिनामा माग गर्दै प्रतिष्ठानमा वीपी प्रतिष्ठान शुद्धिकरण अभियान संयुक्त संघर्ष समिति र नागरिक दबाब संजालले आर्थिक अनियमिता र भ्रष्टाचार भएको, पदाधिकारीहरु कमिसनमा लिप्त रहेको भन्दै आन्दोलित भएका थिए।

त्यसपछि गठन भएका छानविन समितिहरुले आर्थिक अनियमितता भएको पुष्टि गर्दै पदाधिकारीहरुलाई कारवाही गर्न सिफारिस गरेका थिए।

सर्ट कमेन्ट

■ पुण्य पी अधिकारी

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम :

भौतिक पूर्वाधारले मात्र पुग्दैन

"सार्वजनिक शैक्षिक संस्थालाई विद्यार्थीको सिकाइका लागि रोजाइको केन्द्र" बनाउने उद्देश्य राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रमुख लक्ष्य एवम् उद्देश्य हो। नेपाल सरकार मन्त्रीपरिषद्को ०७६ पुस २७ गतेको निर्णयबाट सार्वजनिक शैक्षिक संस्थाको भौतिक संरचना विकास, सिकाइ वातावरण सुधार र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न यो कार्यक्रम सञ्चालित छ। सार्वजनिक शैक्षिक संस्थालाई विद्यार्थीको सिकाइका लागि रोजाइको केन्द्र बनाउने उद्देश्य राखी सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको छ। शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधारदेखि लिएर सिकाइ वातावरणसँग जोडिएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले नेपालको सार्वजनिक शैक्षिक वातावरणलाई सफलतामा पुऱ्याउने लक्ष्य सरकारको छ।

मन्त्रीपरिषद्को ०७८ फागुन २ गतेको निर्णयले देशभरका ४ हजार १५७ ओटा सार्वजनिक विद्यालयको भौतिक एवम् शैक्षिक वातावरण सुधारका लागि छनौट गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा बसेको बैठकले विद्यालय छनोट गरेको हो। छानिएकामध्ये चारकोठे भवन ९७६, दुई कोठे भवन ९६६, आईसीटी ल्याब व्यवस्थापन २ हजार १०६, प्राविधिक ल्याब ८८ र नयाँ प्राविधिक विद्यालय स्थापना २१ ओटा निर्माण गरिने भएको छ।

चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय ३६ लाख, दुईकोठे भवन निर्माणका लागि १८ लाख, आईसीटी ल्याब व्यवस्थापनका लागि ६ लाख ५० हजार, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २१ विद्यालयलाई ७० करोड ५९ लाख छ हजार, गएको आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुट विद्यालयका लागि अनुदान १४ विद्यालयका लागि ३३ करोड ६० लाख र प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरनोन्नीतका लागि अनुदान ८८ विद्यालयलाई ८८ करोड रकम सरकारले छुट्याएको छ। राष्ट्रपति शैक्षिक सुधारका लागि ७ अर्ब ८५ करोड ५१ लाख रकम छुट्याइएको छ। देशका ७३७ ओटा स्थानीयतहबाट १३ हजार ४७३ विद्यालयले प्रस्ताव पठाएका थिए।

देशभरमध्ये प्रदेश १, मा सबैभन्दा धेरै विद्यालयका भवन राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत् निर्माण हुने भएका छन्। यो एकदमै स्वागत योग्य छ। प्रदेश १ मा १९८ विद्यालयमा चारकोठे भवन, १७९ विद्यालयमा दुईकोठे भवन, ३४९ विद्यालयमा आईसीटी व्यवस्थापन, २४ विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा सात विद्यालय छनोट भएका छन्।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले भौतिक पूर्वाधारका कार्यक्रमलाई प्राथमिकतामा राखेपनि सामुदायिक विद्यालयमा छात्रामैत्री शौचालय, प्राथमिक उपचारलगायतका विषयलाई गम्भीर रूपमा अघि बढाएको पाइदैन। नेपाल सरकारले शिक्षा क्षेत्रमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई फ्ल्यागसिप कार्यक्रमका रूपमा अगाडि सारेको भएता पनि यसको प्रभावकारिताका विषयमा भने अझै प्रश्न उठ्ने गरेको छ।

भौतिक पूर्वाधारले मात्र एउटा सामुदायिक विद्यालय अब्बल हुन सक्दैन। भौतिक पूर्वाधारसँगै विद्यालयको शैक्षिक वातावरण सुधारका लागि अरू धेरै अवयवहरू आवश्यक हुने कुरालाई आगामी दिनमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले सम्बोधन गर्नै पर्छ।

नेपालको संविधानले धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा व्याख्या एवम् व्यवस्था गरेको छ। शिक्षासँगै जोडिएर आउने अर्को मौलिक अधिकार बालबालिकको अधिकारलाई संविधानले धारा ३९ मा उल्लेख गरेको छ। शिक्षा र बालबालिकाको हक एक अर्काका परिपूरक नै हुन्। धारा ३९ को ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनि उल्लेख गरिएको छ। तर, सामुदायिक विद्यालयमा अझै पनि सिकाइका क्रममा शिक्षकहरूले बालबालिकालाई यातना दिएका विषयमा समयसमयमा बाहिर आउने गरेका छन्।

> **भौतिक पूर्वाधारले मात्र एउटा सामुदायिक विद्यालय अब्बल हुन सक्दैन। भौतिक पूर्वाधारसँगै विद्यालयको शैक्षिक वातावरण सुधारका लागि अरू धेरै अवयवहरू आवश्यक हुने कुरालाई आगामी दिनमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले सम्बोधन गर्नै पर्छ।**

सिकाइ वातावरणलाई विद्यार्थीमैत्री बनाउनका लागि विद्यालयको भौतिक पूर्वाधारमा मात्र ध्यान दिएर सम्भव हुँदैन। यसकालाई शिक्षकलाई राज्यले समय अनुकूल तालिम, गोष्ठी, अनुसन्धानात्मक कार्यमा सहभागी गराउन वा लगाउन जरूरी छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट भएका विद्यालयहरूको भौतिक पूर्वाधारसँगै शैक्षिक वातावरणको अवस्थामा विषयमा स्थानीय सरकारमार्फत् राज्यले जानकारी लिनु आवश्यक छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट भएका विद्यालयका शिक्षकहरूको समूह गठन गरी विद्यालय बालबालिकामैत्री वा सिकाइमैत्री छ छैन भन्ने विषयमा विद्यालयले अनुसन्धानात्मक प्रतिवेदन तयार पारी सार्वजनिक गरेको खण्डमा मात्र विशुद्ध रूपमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सफल हुने देखिन्छ।

छोराको स्मृतिमा प्रहरी पुरस्कार कोष

◆ हाम्रोमत संवाददाता

विराटनगर, ४ फागुन

अवकाश प्राप्त प्रहरी नायव उपरीक्षक बद्री बिक्रम थापा(गोदार)ले आफ्नो छोराको स्मृतिमा पुरस्कार कोष स्थापना गरेका छन्।

सवारी दुर्घटनामा दिवंगत भएका विप्लव थापाको स्मृतिमा पूर्व डिएसपी थापा, उनकी धर्मपत्नी बिमला र छोरी बेनिजाले अक्षय कोषमा ५ लाख रुपैयाँ जम्मा गरेका हुन्। विराटनगर ३ निवासी थापा परिवारले 'विप्लव थापा (गोदार) स्मृति उत्कृष्ठ प्रहरी पुरस्कार'का लागि ५ लाख रुपैयाँको अक्षय कोष स्थापना गरेका हुन्। बुधबार १ नम्बर प्रदेश प्रहरी कार्यालयमा कोषको रकम प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुणकुमार बि.सी.लाई हस्तान्तरण गरेका छन्।

पुरस्कार १ नं. प्रदेश अन्तर्गत ट्राफिक दुर्घटना न्युनिकरण, ट्राफिक व्यवस्थापन तथा ट्राफिक अनुसन्धान क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने प्रहरी जवानदेखि वरिष्ठ प्रहरी नायव निरीक्षक दर्जासम्मका एक जना प्रहरी कर्मचारीलाई हरेक वर्ष २५ हजार राशीको पुरस्कार प्रदान गरिनेछ। जनताको सेवामा अरोहात्र खटिने प्रहरी कर्मचारीहरुको मनोवल उच्च राख्न पुरस्कार कोषले सहयोग गर्ने उनीहरुको विश्वास छ।

कोशीको मेसुमा डा.खरेल

विराटनगर, ४ फागुन (हाम्रोमत)- कोशी अस्पतालका डा. यज्ञ खरेलले निमित्त मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी पाएका छन्। अस्पतालका अर्थोपेडिक सर्जन तथा वरिष्ठ कन्सल्ट्यान्ट डा. खरेल दशौं तहका चिकित्सक हुन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयअनुसार खरेललाई आर्थिक तथा प्रशासनिक अधिकार समेत प्रयोग गर्ने गरी अस्पतलको निमित्त प्रमुख मेडिकल सुपरिटेण्डेण्टको जिम्मेवारी दिइएको हो।

यसअघि कोशी अस्पतालको मेडिकल सुपरिटेन्डेन्टमा डा.चुमनलाल दास थिए। उनलाई इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामा सरुवा गरिएको छ।

उपकार ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा.लि. विराटनगर
शाखा कार्यालय : इटहरी, धरान, हिले
सम्पर्क नं. : ९८२०७१६०८६, ९८२०७१६०७७, ९८२०७१६०८५, ९८२०७१६१०५, ९८२०७१६१०२

अम्बे ईट्टा
अम्बे ईट्टाद्वारा उत्पादित उच्च गुणस्तरीय अम्बे ईट्टा सँधै प्रयोग गर्नुहोस्।
उत्पादक: अम्बे ईट्टा (प्रा.)लि.
मोरङ, नेपाल।
मार्केटिङ: मो. : ९८५२०२४०५४

DDA No. 3780619174143 PAN No. 122530591
प्राइम केयर फार्मेसी
....सामुदायिक फार्मेसी
मधुमारा रोड, विराटनगर-८
हाम्रा विशेषताहरु:
डा. लक्ष्मी नारायण यादव
MBBS, MD (Consultant Physician)
NMC NO. :3060
वरिष्ठ सुगर, प्रेसर, थाइराइड, पेट, छाती मुटु, कलेजो तथा जण्डिस रोग विशेषज्ञ
प्रत्येक दिन कोशी अञ्चल अस्पतालबाट
समय: बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
डा. असित घिमिरे
MBBS, MD(KU)Dermatologist Venerologist & Leprologist
NMC NO. :4516
वरिष्ठ छाला, चर्म यौन तथा कुष्ठरोग विशेषज्ञ
प्रत्येक दिन
समय: दिउँसो २:०० बजेदेखि
डा. बालकृष्ण साह
MBBS, DGO GYNAECOLOGIST
NMC NO. : 7313
वरिष्ठ महिला तथा स्त्रीरोग विशेषज्ञ
प्रत्येक दिन मोरङ सहकारी अस्पतालबाट
समय: बिहान ९:०० बजेदेखि १०:०० तथा दिउँसो १:०० बजेपछि
डा. राजीव साह
MBBS, MD (ENT Surgeon)
NMC NO. :8178
वरिष्ठ नाक, कान तथा घाँटी रोग विशेषज्ञ
प्रत्येक दिन विराट नर्सिङ होमबाट
समय: दिउँसो ३:०० बजेदेखि
डा.अन्शु पौडेल घिमिरे
MBBS, MD(K.U.)DM (BPKIHS)
VPeadiatrician & Neonates Super Specialist
वरिष्ठ नवजात शिशु तथा बालरोग विशेषज्ञ
प्रत्येक दिन
समय: दिउँसो १:०० बजेपछि
यहाँ ल्याबको सुविधा पनि छ।
यहाँ सुगर, प्रेसर, दम, थाइराइड, पेट छाती, मुटु, किड्नी मानसिक रोग तथा दीर्घरोगीहरुको सबै प्रकारका औषधिहरु सुपथ मूल्यमा उपलब्ध छ।
सम्पर्क : ०२१-५९०८१०, ९८०४९७४३३३

100% पास
नि:शुल्क भर्ना
प्राईभेट SEE +2
कोरियन जापानिज अंग्रेजी Basic & Advan.
एउटा छुट्टै मान्यता प्राप्त एकेडेमी
युनिर्भसल एकेडेमी
विराटनगर-०८, मोरङ, नेपाल ☎:021-461322, 9802776007

हाम्रो नगर सफा, स्वच्छ हराभरा बनाऔं
विराटनगर महानगरपालिका

तपाईंले सोचे जस्तै, तपाईंले खोजे जस्तै
VISITING CARD
तपाईंको व्यवसाय विस्तारको लागि बनाउने होईन त भिजिटिङ कार्ड
रु. १ /Per pcs *T & C Apply
mayurdigital022@gmail.com
☎ 021- 576206

आर.के. सिटी सेन्टरको
प्रेस विज्ञप्ति

विभिन्न सञ्चारमाध्यमहरुमा आर. के. सिटी सेन्टरले विराटनगर महानगरपालिकाको कर नतिरेको, कर्मचारीको तलब तथा व्यापारीहरुको लिनुपर्ने रकम नतिरी बन्द गर्न खोजिएको समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ।

समाचारमा आएजस्तो कर नतिरेको तलब र कुनै पनि व्यापारीको रकम नतिरी बाँकी नराखेको व्यवहोरा हाम्रो सम्पूर्ण ग्राहक महानुभाव तथा शुभचिन्तकहरुमा जानकारी गराउँदछौं। महामारीको रूपमा फैलिएको कोभिड-१९ ले आक्रान्त बनाएको बेला पनि हामी बिचलित नभई हाम्रो सम्पूर्ण उपभोक्ता, ग्राहक महानुभावहरुलाई स्वास्थ्य मापदण्डको पालना गर्दै सेवा प्रभाव गरेको सर्वविदित छ।

कोभिड-१९ को विषम परिस्थितिमा त आर.के. सिटी सेन्टर सञ्चालन गरेका थियौ भने अहिले सहज भएपछि बन्द गर्ने कुरा हामी परिकल्पना पनि गर्न सक्दैनौं। समाचारमा आएजस्तो झुटो र कपोलकल्पित समाचारको भम्रमा नपर्न हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरु सबैमा हार्दिक अपिल गर्दछौं। उपभोक्ता महानुभावहरुले हामीले दिएको सेवाले देखाउनुभएको विश्वास तथा भरोसाका लागि हामी हृदयदेखि नै आभारी छौं। साथै निश्चत भई ढुक्कसँग हाम्रो आर.के. सिटी सेन्टरमा आएर सेवाहरु ग्रहण गर्नुहुन्छ भन्ने कुरामा हामी विश्वस्त छौं।

धन्यवाद !

आर. के. सिटी सेन्टर
विराटनगर

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित। का.वा. अध्यक्ष: विनोद घिमिरे, प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य, व्यवस्थापक : प्रेम पुरी
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ, फोन नं. ०२१-५२२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रक: हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेसन्स प्रा.लि., विराटनगर-४